## जिल्ला शिक्षा कार्यालय धनुषा र जिल्ला शिक्षा कार्यालय महोत्तरी अनुगमन प्रतिवेदन

### १.पृष्टभुमि

आर्थिक बर्ष २०७४।०७५ को शिक्षा क्षेत्रमा गैर सरकारी सस्थाहरु बाट सञ्चालित कार्यक्रमहरुको अनुगमन सम्बन्धि कार्यक्रम सञ्चालनको लागि शिक्षा मन्त्रालय कार्यक्रम शाखा वाट कार्यक्रम अनुगमन समन्वय शाखा लाई कार्यान्वियन गर्न आवश्यक कार्यक्रम बनाई कार्यक्रम स्वीकृत गराई अनुगमन कार्यक्रम सञ्चालन गर्न कार्यक्रम प्राप्त भएको थियो । प्राप्त कार्यक्रम अनुसार कार्यक्रम अनुगमन समन्वय शाखाले बर्तमान प्रान्तिय संरचना अनुसार हरेक प्रान्तका २ जिल्ला समेटने गरी प्रदेश नं २ अन्तर्गत जिल्ला शिक्षा कार्यालय धनुषा र जिल्ला शिक्षा कार्यालय महोत्तरीको कार्यक्रम अनुगमनको लागि मिति २०७४।७।८ मा भ्रमण आदेश स्वीकृत भएको थियो । अनुगमनको क्रममा उपर्युक्त कार्यालयहरुको नियमित अनुगमन अन्तर्गत यस आर्थिक बर्ष र बिगत आर्थिक बर्षहरुमा समेत संञ्चालित बिभिन्न कार्यक्रमहरुको कार्यान्वयन अवस्था लगायत गैर सरकारी संस्थाहरुवाट जिल्ला शिक्षा कार्यालयको समन्वयमा सञ्चालित शिक्षा सम्बन्धी कार्यक्रमहरु सम्बन्धमा समेतको अनुगमन गर्नु पर्ने कार्यादेश रहेको थियो ।

### २.अनुगमन टोलीमा सहभागी पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. प्रेमराज खरेल | उप सचिव | कार्यक्रम अनुगमन समन्वय शाखा |
| २. हीरालाल तण्डुकार | शाखा अधिकृत | कार्यक्रम अनुगमन समन्वय शाखा |

### ३. अनुगमनका उद्येश्यहरु

- कार्यालयको नियमित कार्यसम्पादन प्रक्रियाको अनुगमन गरी सुधारको लागि छलफल तथा निर्धारीत प्रकृया बमोजिम कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्नु ।
- जिल्ला मा शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी सस्थाहरुको पहिचान गरी उक्त गैर सरकारी सस्थाहरु र जिल्ला शिक्षा कार्यालयहरु बीच प्रभावकारी समन्वय स्थापित गर्नु ।

### ४. अनुगमनका बिधि तथा साधनहरु

अनुगमनका प्रमुख तरीकाको रुपमा सम्बन्धित जिम्मेवार ब्यक्तिहरुसँग कार्यक्रमको सञ्चालन अवस्था तथा सञ्चालनको क्रममा आईपरेका समस्याहरु तथा त्यसको समय परिवेश अनुसारका समाधानका लागि छलफल तथा बिचार बिमर्श गर्ने , कार्यालयमा रहेको अभिलेखहरुको अध्ययन, गैर सरकारी निकायका प्रतिनिधिहरु सँग बसी कार्यक्रम सञ्चालन सम्बन्धमा अन्तरक्रिया लगायतका बिधिहरुको उपयोग गरिएको थियो । अनुगमन साधनको रुपमा गत आर्थिक बर्षमा अनुगमन तथा मुल्याङ्कन शाखा वाट तयार गरिएको बिभिन्न कार्यक्रमहरु समेटिईएका फारमको उपयोग गरिएको साथै गैर सरकारी निकायहरुवाट सञ्चालित कार्यक्रमहरुको अनुगमनको लागि समेत फारम बिकास गरी सो फारम अनुसार बिबरण संकलन गरी सो सम्बन्धमा आवश्यक अन्तर्क्रिया समेत गरिएको थियो ।

### ५. अनुगमनका क्रममा देखिएका सवल पक्षहरु

#### क) जिल्ला शिक्षा कार्यालय धनुषा

- कार्यालयको पक्की भवन कम्पाउण्ड तथा कार्यालय सञ्चालनको लागि आवश्यक भौतिक पुर्वाधारहरु उपयुक्त रुपमा ब्यबस्था भएको ।
- गैर सरकारी सस्थाहरुका स्थानीय प्रतिनिधिहरु सँग उपयुक्त सम्पर्क सयन्त्र स्थापित गरिनु ।

#### ख) जिल्ला शिक्षा कार्यालय महोत्तरी

- कार्यालय सम्बन्धी अभिलेखहरुलाई प्रकृयाबद्ध किसिमवाट राखिनु ।
- कार्यालयका कर्मचारीहरुमा जिम्मेवारी बोधको भावना रहेको ।

- शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी सस्थाहरु सँग उचित समन्वय कायम गर्नु ।
- सेवाग्राहीको समस्या समाधानमा आवश्यक जोड दिईएको ।

**६. अनुगमनका क्रममा देखिएका कम्जोर पक्षहरु**

**क) जिल्ला शिक्षा कार्यालय धनुषा**

- कार्यालय सरसफाई पक्ष कम्जोर रहेको साथै कार्यालयमा प्राप्त सेवा सुबिधाहरुको उपयुक्त किसिमवाट उपयोग हुन नसकेको ।
- कार्यालयमा कार्यरत कर्मचारीहरुबीच बिश्वासको वातावरण कायम हुन सकेको देखिएन ।
- कार्यालय प्रमुख नभएको अवस्थामा निमित्त कार्यालय प्रमुखलाई हेर्ने दृष्टिकोण अन्य मातहतका कर्मचारीहरुको फरक रहेको, जसको फलस्वरुप कार्यालयमा सामुहिक निर्णय प्रक्रिया तथा कार्यालयका काम कार्वाहीमा बिश्वसनियता न्युन भएको ।
- कार्यालयले सेवाग्राहीको प्राथमिक्तालाई त्यति ध्यान दिन नसकेको ।
- कार्यालयमा अभिलेखहरु अद्यावधिक नभएको साथै शिक्षकहरुको ब्यक्तिगत फाईलहरु समेत कार्यालयमा पूर्ण रुपमा नरहेको ।
- कार्यालयको वार्षिक योजना तथा अन्य कार्यक्रम बिबरणहरु सेवाग्राहीले स्पस्ट रुपमा पढ्न सक्ने गरी कायालय प्रमुखका कार्यकक्षमा प्रर्दशन गरी पारदिर्शिता प्ररद्धन गर्नु पर्नेमा सो वमोजिम नभएको ।
- नागिरक वडापत्र सम्वन्धीत सेवाग्राहीले पढ्न सक्ने अवस्थामा नरहेको साथै पूर्ण रुपमा मेटीएको अवस्थामा रहेको ।
- कार्यालयमा कर्मचारीहरुको तोकीएका समयमा कार्यालयमा आउनु पर्ने तथा नियमित रुपमा आफुलाइ तोकिएको स्थानमा वसी सेवा प्रदान गर्नु पर्नेमा अधीकाश फाटहरुमा ताल्चा लागेको देखिन्छ ।
- गैर सरकारी सस्थाहरुवाट सन्चालित कार्यक्रमहरुलाइ कार्यालयले प्रभावकारी रुपमा समन्वय गर्न नसकेको साथै गैर सरकारी निकायका शिक्षासग सम्वन्धीत कार्यक्रमहरु कार्यालयमा अभिलेखिकरण नभएको ।

**ख) जिल्ला शिक्षा कार्यालय महोत्तरी**

- नागरिक वडापत्र प्राय सेवाग्राहीको नजरमा नपर्ने ढोका छेउ कुनामा मधुरो अवस्थामा रहेको जसले गर्दा नागरिक वडापत्र एउटा औपचारिकताको रुपमा मात्र देखाउनका लागी मात्र तयार भएको र सेवाग्राहीले यसवाट कुनै सेवा लिन नसकेको देखिन्छ ।
- कार्यालय सहयागीहरुलाइ उनिहरुको काम कर्तव्य अनुसारको कार्यालयको सरसफाइ कार्यालयका सामानहरुको सुरक्षा जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा रहि सेवाग्राहीलाई सेवा सुविधा उपलव्ध गराउने साथै कार्यालयमा आउने जाने मानिसहरुको क्रियाकलापमा रेखदेख जस्ता जुन प्रयोजनका लागी परिचालन गर्नुपर्ने हो सो भएको देखिएन उल्टै दर्ता चलानी गराउने जस्ता कार्यमा संलग्न गराउदा कार्यालयको सुरक्षा कम्जोर भएको देखिन्छ । यसवाट शाखा फांटहरुमा कार्यालय तथा व्यक्तिगत सामानहरुका अत्याधिक चोरी हुने गरेको बुझिन आयो । यसै क्रममा अनुगमनकर्ताका ल्यापटप सहितको व्याग जिल्ला शिक्षा अधिकारीको कार्यकक्षवाट गायव हुनु पनि उक्त समस्याको प्रत्यक्ष प्रमाणको रुपमा लिन सकिन्छ ।
- जिल्लामा सन्चालित विदालयहरुवाट प्राप्त सामाजिक परिक्षणको समीक्षा गरेको देखिएन र यसवाट समग्र जिल्लाको अवस्था तथा सामाजिक परिक्षणको मर्म अनुसारको कार्यान्वयनमा प्रभाव पारेको देखिन्छ ।
- जिल्ला शिक्षा कार्यालयवाट आफनै प्रयासमा गैर सरकारी संस्थाहरुवाट सन्चालित कार्यक्रमहरुको अनुगमन गर्ने व्यवस्था मिलाई त्यसलाईनियमीत कार्यक्मसंग आवद्ध गराउन जोड दिनु पर्नेमा उल्टै गैर सरकारी निकायले तय गरेको समितिमा सलग्न भई औपचारिकता पुरा गर्दा जिल्ला शिक्षा कार्यालयको समन्वय अलि कम्जोर जस्तो देखियो ।

- कार्यालयको भवन जिर्ण देखिन्छ । वर्तमान व्यवस्था अनुसार जिल्ला शिक्षा कार्यालय नरहने भएतापनि अन्य सरकारी प्रयोजनमा भवन प्रयोग हुन सक्ने भएकोले मर्मत संभार लगायत रंगरोगनको आवश्यकता देखिएता पनि सो सम्वन्धमा कुनै पहल नभएको देखिन्छ ।
- वर्तमान संक्रमणको समयमा जिल्ला शिक्षा कार्यालयका अभिलेखहरु अद्यावधिक हुनु पर्नेमा सो देखिएन ।
- काम नलाग्ने जिन्सी सामानहरु लगायत विभिन्न वस्तुहरु अव्यबस्थित किसिमले कार्यालय भित्र तथा वाहिर देखिदा फोहर वढ्ने साथै कार्लयमा काम गर्न स्थान अभाव भएको देखियो ।
- आ ब २०७३।७४ सम्मको जिल्लाको वेरुजु रु ३५ ५० ०००० मध्ये ४५ ००००० मात्र फछ्र्योट देखिएकाले वेरुजु रकम उच्च रहेको देखिन्छ ।

**७. अनुगमनको क्रममा दिइएका सुझाबहरु**

**क) जिल्ला शिक्षा कार्यालय धनुषा**

- कार्यालयको नागरिक वडापत्र सवै सेवाग्राहीले स्पष्ट पढन सक्ने अवस्थामा नरहेकोले सवैले पढन सक्ने गरी पुन लेखन गर्नुपर्ने ।
- कार्यालयमा कर्मचारीहरुका नियमित उपस्थीती तथा सेवा प्रवाहमा आवश्यक ध्यान दिन उचित प्रवन्ध मिलाउने ।
- कार्यालयमा अभिलेखहरुअद्यावधिक गरी राख्नु पर्ने साथै विद्यालयका शिक्षाकहरुका व्यक्तिगत फाईललाई समेत व्यवस्थीत गरी कार्यालयमा अभिलेखका रुपमा राख्नु पर्ने आवश्यकता देखिएकोले सो वमोजिमको प्रवन्ध मिलाउने ।
- शिक्षा क्षोत्रमा कार्यरत जिल्ला अन्तरगतका गैर सरकारी संस्थाहरुको अभिलेख अनिवार्य रुपमा जिल्ला शिक्षा कार्यालयमा राखी प्रभावकारी समन्वय कायम गर्न जोड दिने ।
- कार्यालय सरसफाई तथा प्राप्त जिन्सी सामाग्रीहरुको अभिलेख अद्याबधिक रुपमा राख्नु पर्ने आवश्यकता देखिएकोले सो बमोजिमको ब्यबस्था मिलाउने ।

**ख) जिल्ला शिक्षा कार्यालय महोत्तरी, जलेश्वर**

- नागरिक वडापत्रको पुन लेखन गरी सवैले देख्ने ठाउँमा राख्ने ब्यबस्था मिलाउने ।
- कार्यालयको बिभिन्न कार्यालय उपकरण लगायत सामाग्री लगायत बिभिन्न शाखा तथा फाँटहरुमा रहेका सामानहरु उचित रेखदेख गरी सामान हराउने लगायतका समस्याहरुमा स्टाफ बैठक बसी ससक्त निगरानीको ब्यबस्था मिलाउने ।
- सामाजिक परीक्षणको समीक्षा गरी जिल्ला प्रतिवेदन तयार गर्न आवश्यक ब्यबस्था मिलाउने ।
- गैर सरकारी संस्थाहरुले सञ्चालन गरेका शिक्षा सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी अनुगमनको ब्यबस्था मिलाउने ।
- कार्यालयको भवन जिर्ण रहेको साथै भवनमा रङरोगन तथा मर्मत संभारको उचित ब्यबस्था मिलाउने ।
- कार्यालयका बिभिन्न अभिलेखहरु अद्याबधिक गरी बिभिन्न सघसस्थाहरुले माग गरेका बिबरणहरु समयमा नै उपलब्ध गराउने सम्बन्धमा प्रभावकारी कदम चाल्ने ।
- कार्यालयको सरसफाईमा ध्यान दिने साथै पुराना सामानहरुको लिलामी लगायत कार्यालयलाई सफा राख्ने सम्बन्धमा आवश्यक जोड दिने ।
- जिल्लाको बेरुजु घटाउन आवश्यक पहल गर्ने, नियमित हुन सक्नेलाई नियमित गरी अशुल उपर गर्ने बेरुजुलाई समेत अशुल उपर गर्न आवश्यक प्रक्रिया सुरु गर्ने ।

**८. सुझाव कार्यान्वयनमा संलग्न निकायहरु**

उपर्युक्त दुवै जिल्लाहरुलाई अनुगमनको क्रममा दिईएका सुझावहरु सामान्य किसिमका साथै जिल्ला तहमा प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईए सहज रुपमा कार्यान्वयन हुन सक्ने हुन्छ । जिल्ला शिक्षा कार्यालय महोत्तरीको भवन मर्मत सम्भारको लागि

बजेट आवश्यक पर्ने भएकोले जिल्ला तहमा रहेका निकायहरु जस्तै जिल्ला समन्वय समिति तथा जिल्ला भवन कार्यालय सँग समन्वय गर्नु पर्ने र शिक्षा बिभाग तथा शिक्षा मन्त्रालय वाट समेत बजेटको आवश्यक ब्यबस्था गर्नु पर्ने हुन्छ ।

**९. निष्कर्ष**

प्रदेश नं २ मा अवस्थित जिल्ला शिक्षा कार्यालय धनुषा र जिल्ला शिक्षा कार्यालय महोत्तरी एउटै सामाजिक परिवेश तथा एउटै संगठनात्मक संस्कृति बोकेका कार्यालयहरु भएकोले शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी संस्थाहरुको शैक्षिक कार्यक्रमहरुलाई मुलधारमा समेटन मजवुत किसिमको संस्थागत सयन्त्र खडा गर्नुको अतिरिक्त कार्यालयको आन्तरीक क्षमता समेतको विकास हुनु जरुरी छ । गैर सरकारी क्षेत्रवाट सञ्चालन भएका कतिपय शैक्षिक कार्यक्रमहरु जिल्ला शिक्षा कार्यालयका नियमित कार्यक्रमहरु सँग हुबहु मिल्दो किसिमका भएकोले नियमित कार्यक्रम सञ्चालनमा आउने प्रभनवकारीता नै उक्त कार्यक्रमको लागि सफलताको सूचक हुने भएकोले जिल्ला शिक्षा कार्यालयको समन्वयको महत्वपूर्ण भुमिका रहने गर्दछ । अनुगमनको क्रममा पनि दुवै पक्ष एकै साथ आउने भएकोले पनि नियमित अनुगमन वाट छुट्याएर गैर सरकारी संस्थाहरु वाट सञ्चालित कार्यक्रमहरुको मात्र अनुगमन गर्नुमा त्यति सार्थकता प्राप्त नहुने देखिन्छ । अनुगमनले भएका कम्जोरीहरु देखाई त्यसलाई सुधारको लागि आवश्यक मार्गदर्शन गर्ने भएकोले यस अनुगमनमा पनि शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको शैक्षिक कार्यक्रमहरुमा नियमित कार्यक्रमहरुको तालमेलको पक्ष अझ घनिष्ट हुने अपेक्षा गरिएको छ ।यसको अतिरिक्त जिल्ला शिक्षा कार्यालय धनुषा र जिल्ला शिक्षा कार्यालय महोत्तरीको संगठनात्मक सस्कृतिमा आवश्यक सुधार गरी नतिजामुखी सस्कार तर्फ उत्प्रेरित हुन समेत आवश्यक बल पुग्ने अपेक्षा गरिएको छ ।

अनुगमन टोली<br>
प्रेमराज खरेल उप सचिव<br>
हीरालाल तण्डुकार शाखा अधिकृत

अनुगमन प्रतिबेदन<



# धनुषा र महोत्तरी जिल्लाको अनुगमन प्रतिबेदन

# आ.ब २०७४/०७५

---

## अनुगमन टोली

प्रेमराज खरेल उप सचिव, शिक्षा मन्त्रालय, कार्यक्रम अनुगमन समन्वय शाखा

हीरालाल तण्डुकार शाखा अधिकृत, शिक्षा मन्त्रालय, कार्यक्रम अनुगमन समन्वय शाखा